"शिक्षा स्वास्थ्य र पूर्वाधार समुन्नत पुतलीबजारको आधार "

# पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

प.स. ०८१/०८२
च.नं. ६०१

गण्डकी प्रदेश, नेपाल

मितिः२०८१/०४/१०

श्री वडा कार्यालय सवै,
पुतलीबजार नगरपालिका
स्याङ्गजा।

विषयः आर्थिक वर्ष २०८१/८२ को योजना कार्यान्वयन सम्वन्धि अख्तियारी तथा मार्गदर्शन।

प्रस्तुत विषयमा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम १५ औ नगरसभाबाट पारित भईसकेको व्यहोरा अवगत नै छ। उक्त बजेट तथा कार्यक्रम प्रचलित कानूनका साथै निम्न विषयलाई समेत ध्यानमा राखी कार्यान्वयन गर्नु गराउनुहुन यो अख्तियारी तथा मार्गदर्शन प्रदान गरिएको व्यहोरा अनुरोध छ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१. आ व २०८१/८२ को योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा निम्नानुसार कार्यान्वयन गर्ने योजना कार्यान्वयन तालिका

| क्र.स. | कार्य विवरण | समायावधि | कैफियत |
|---|---|---|---|
| १ | योजना तयारी र जानकारी | श्रावण मसान्त | |
| २ | उपभोक्ता समिति गठन वा पूनर्गठन | आश्विन मसान्त भित्र | |
| ३ | लागत अनुमान तयारी | कार्तिक मसान्त भित्र | |
| ४ | योजना सम्झौता गरिसक्नु पर्ने | मंसिर मसान्त भित्र | |
| ५ | योजना सम्पन्न र फरफारक | चैत्र मसान्त भित्र | |

- मंसीर मसान्त भित्र सम्झौता हुन नसकेका योजनाहरु नगरपालिकावाट कट्टा गरी आगामी नगरसभाबाट अन्य योजनामा बजेट विनियोजन गरिनेछ।

- उपभोक्ता समिति गठन गर्दा तथा खर्च सार्वजनिक गर्दा अनिवार्य रुपमा सम्वन्धित उपभोक्ताहरुले जानकारी पाउने गरी सूचना गर्ने र वडाका जनप्रतिनिधी तथा कर्मचारीहरुको रोहवरमा भेला वसी सार्वजनिक गरिएको सूचना र भेलाको फोटो समेत खिचेर फाईलमा समावेश गर्ने ।
- सामग्री खरिद गर्ने गरी विनियोजन भएका योजना नगरपालिका कार्यालयवाटै नियमानुसारका प्रचलित खरिद विधि प्रयोग गरी कार्यान्वयन गरिने हुँदा त्यस्ता योजनाहरुमा सहजीकरण र समन्वय समिति मात्र गठन गर्ने र प्रक्रियाका लागि नगरपालिकामा सिफारिस गर्ने ।
- भौतिक पूर्वाधार तर्फका योजनाहरुको अनिवार्य रुपमा लागत अनुमान र अन्य कार्यक्रमको हकमा अनिवार्य रुपमा प्रस्तव तयार पारी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गर्नु पर्नेछ ।
- प्राविधिक वाट योजनाको लागत अनुमान तयार गर्दा अनिवार्य रुपमा नेपाली भाषामा गर्ने र नेपाली भाषामा स्पष्ट उल्था हुन नसक्ने शव्दलाई सरल रुपमा अंग्रेजीमा उल्लेख गरी तयार गर्ने 1
- सम्बन्धीत वडा प्राविधिकबाट तयार भएको लागत अनुमान नगरपालिकाको पूर्वाधार शाखामा समन्वय गरी स्वीकृत भएपश्चात योजना सम्झौता गर्ने ।
- उपभोक्ता समितिमार्फत गरिने निर्माण कार्यहरु मध्ये सडक, पूर्वाधार निर्माण, कुलो सरसफाई, सामुदायिक भवन, गोरेटो बाटो, सानासिचाई, मठ मन्दिर क्रियापुत्री भवन लगायतका अन्य स साना पुर्वाधारमा कम्तिमा १० प्रतिशत नगद सहभागिता व्यहोर्ने गरी लागत अनुमान तयार गर्ने ।
- अनुदानमा वितरण गरिने कार्यक्रम तथा अन्य कार्यक्रम संचालन गर्दा ५० प्रतिशत लागत सहभागिता सुनिश्चित गर्ने ।
- वडा सरसफाईका नाममा सडकमा जथाभावी मेशिन प्रयोग नगर्ने। मेशिन प्रयोग गर्नु परेमा पालो मिलाई नगरपालिकाकै मेशिन प्रयोग गर्ने र नगरपालिकाको मेशिन प्रयोग हुन नसक्ने अवस्था भएमा पूर्वाधार शाखा प्रमुखको स्वीकृती लिएर मात्र मेशिन प्रयोग गर्ने ।
- वडामा सञ्चालन हुने वडा तथा नगरका योजनाको कार्य सम्पन्न भए पश्चात् अनिवार्य रुपमा वडा अनुगमन समितिवाट अनुगमन गराई समितिको निर्णय र आवश्यक विल भर्पाइ सार्वजनिक परीक्षण खर्च सार्वजनिकीकरण तथा फोटो समेत समावेश गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।
- आकस्मिक रुपमा काम गर्नुपर्ने भई नगरपालिकाबाट निर्णय भए अनुसारका योजनाको हकमा बजेटको सुनिश्चितता गर्नु पर्ने भएकोले लागत अनुमान तयार गरी सम्झौता गर्नु पूर्व कार्यालयमा सम्पर्क गरी सुनिश्चित भएपछि मात्र सम्झौता गर्ने वा लेखी पठाउने ।
- योजना सम्झौता भएको विवरण को वडा कार्यालयमा छुट्टै दर्ता राखी नगरपालिकामा अनिवार्य जानकारी पठाउने ।
- उपभोक्ता समितिले योजना सम्पन्न गरिसकेपछि अनिवार्य रुपमा खर्च सार्वजनिक र सार्वजनिक परीक्षण गर्न लगाउने , योजना अनुगमन प्रतिवेदन सहित भुक्तानीका लागि सिफारिस गर्ने ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत


पत्राचार ठेगनाः पुतलीबजार नगरपालिका-१ गण्डकी प्रदेश , नेपाल फोन नं. ०६३-४२०४०९ फ्याक्स नं. ०६३-४२०४०९
E-mail: info@putalibazarmun.gov.np, putalibazarmun@gmail.com , Website: www.putalibazermun.gov.np

शिक्षा स्वास्थ्य र पूर्वाधार समुन्नत पुतलीबजारको आधार "

# पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

प.स. ०८१/०८२
च नं. ८०१

- ५ लाख भन्दा बढी लागत भएका योजनहरुको योजना सञ्चालन स्थलमा अनिवार्य रुपमा सूचना वोर्ड राख लगाउने।
- योजना सञ्चालन गर्दा वातावरणीय पक्षलाइ विशेष ध्यान दिने सडकमा नयाँ ट्रयाक खोल्न भन्दा स्तरोन्नतिलाई प्राथमिकता दिने।
- ठेक्का पट्टा वाट सञ्चालन हुने नगर, प्रदेश तथा संघका योजनाहरुमा पनि उपभोक्ताहरुको सहभागितामा सहजीकरण र अनुगमन समिति गठन गरी सो समिति र वडावाट अनुगमन समिति गठन गर्ने र समितिवाट समय समयमा योजना अनुगमन गरी अन्तिम भुक्तानीमा अनुगमन समितिको प्रतिवेदन समावेश गर्ने।
- यस मार्गदर्शनमा उल्लेख नभएका विषयहरु स्थानीय सरकार सञ्चालन ऐन, सार्वजनिक खरीद सम्वन्धि प्रचलित कानून र योजना सञ्चालन कार्यविधि अनुसार हुनेछन्।

वोधार्थ:

- श्री पूर्वाधार विकास शाखा, उल्लेखित मार्गदर्शन अनुसार कार्यान्वयन गर्नु गराउनुहुन।
- श्री आर्थिक प्रशासन शाखा
- श्री योजना शाखा

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत